उक्त कार्यक्रमको समापन यही मिति २०८१ जेठ १० गतेका दिन नगर उपप्रमुख श्री बन्दना पाण्डेको प्रमुख आतिथ्यतामा जिल्ला समन्वय समितिका सदस्य श्री गंगा बयलकोटी, कार्यपालिका सदस्य श्री मोनिका अधिकारी लिम्बु तथा नगर प्रमुख ज्यूको स्वकीय सचिब श्री अशोक मरहट्टाको उपस्थितिमा सम्पन्न भएको थियो।

स्थानीय कच्चा पदार्थमा आधारित उद्यमशीलताको प्रवर्द्धनले महिलाहरुलाई आत्मनिर्भर तुल्याउन मदत तुल्याउनुका साथै स्थानीय स्तरमा उद्यमशीलता प्रवर्द्धन समेत हुने कार्यालयको अपेक्षा रहेको छ।

**७) मर्स्याङ्दी करिडोरका पालिकाहरुको प्रधानमन्त्री ज्यू तथा अर्थमन्त्री ज्यू सँग अन्तरक्रिया**



मर्स्याङदी करिडोर अन्तरगतका पालिकाहरुको समस्या एवं सम्भावनाहरुलाई नेपाल सरकार समक्ष पेश गर्ने साथै आगामी आर्थिक वर्षको नीति, कार्यक्रम तथा बजेटमा उक्त विषयहरुलाई समेट्नका लागि अनुरोध गर्ने उद्देश्यका साथ करिडोर समन्वय समितिले सम्माननीय प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड तथा अर्थ मन्त्री माननीय बर्षमान पुन अनन्त समक्ष भेटघाट तथा अन्तरक्रिया सम्पन्न गरेको छ । समितिका अध्यक्ष तथा भानु नगरपालिकाका प्रमुख श्री आनन्दराज त्रिपाठीको नेतृत्वमा सिहदरवार पुगेको समन्वय समितिको समूहले उक्त कार्यक्रम सम्पन्न गरेको हो । कार्यक्रममा प्रधानमन्त्री ज्यू तथा अर्थमन्त्री ज्यूले यस खालको प्रयासलाई सकरात्मक रुपमा लिंदै संघीय सरकारको तर्फबाट यस क्षेत्रको मागहरुलाई सम्वोधन गर्न आवश्यक पहल गर्ने प्रतिवद्वता व्यक्त गर्नु भएको थियो ।

**८) एकीकृत पाठ्यक्रम सम्वन्धी कष्टमाइज्ड तालिम सम्पन्न**

पालुङटार नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा कक्षा १ देखि ३ सम्मको एकीकृत पाठ्यक्रम सम्वन्धी ३ दिने कष्टमाइज्ड तालिम कार्यक्रम मिति २०८१ बैशाख २८ देखि बैशाख ३० गतेसम्म नगरपालिकाको हलमा सम्पन्न भएको छ । शिक्षकहरुलाई एकीकृत पाठ्यक्रम सम्वन्धी व्यवहारिक ज्ञान प्रदान गर्ने उद्देश्यले आयोजित उक्त कार्यक्रममा विभिन्न प्रशिक्षकहरुले सहजिकरण गर्नु भएको थियो । उक्त कार्यक्रममा शिक्षा शाखा प्रमुख श्री पूर्ण वहादुर नेपाली, शाखाका वरिष्ठ शिक्षा अधिकृत श्री माधव पोखरेल, श्रोत शिक्षक श्री सन्तोष पाण्डे, जनता मा वि का प्र अ श्री विष्णु मरहट्टा तथा शिक्षक श्री प्रेम कोईरालाले सहजीकरण गर्नु भएको थियो ।

**९) किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा सम्वन्धी १ दिने अभिमुखीकरण कार्यक्रम**

पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा यही मिति २०८१ बैशाख ३० गतेका दिन किशोर किशोरी मैत्री स्वास्थ्य संस्था घोषणा सम्वन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम नगरपालिकाको हलमा सम्पन्न भएको छ । प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा शिक्षा शाखा प्रमुख श्री पूर्ण वहादुर नेपाली, वडा नं ७ तथा ८ का अध्यक्षहरु, स्वास्थ्यकर्मीहरु तथा स्वास्थ्य स्वयंसेविकाहरुको उपस्थिति रहेको थियो । शाखामा कार्यरत अस्पताल नर्सिङ निरिक्षक श्री गोमा श्रेष्ठले सञ्चालन गर्नु भएको उक्त कार्यक्रममा

स्वागत मन्तव्य जनस्वास्थ्य अधिकृत श्री कृष्ण प्रसाद अधिकारी तथा कार्यक्रमको बारेमा प्रस्तुति जनस्वास्थ्य अधिकृत श्री सृजना पोखरेल तथा अस्पताल नर्सिङ निरिक्षक श्री गोमा श्रेष्ठले गर्नु भएको थियो ।

### १०) पूर्ण खोप वडा तथा पालिका घोषणा सम्वन्धी अभिमुखीकरण कार्यक्रम

पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा यही मिति २०८१ बैशाख ३१ गते पूर्ण खोप वडा तथा पालिका घोषणा सम्वन्धी एक दिवसीय अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । जनप्रतिनिधि तथा स्वास्थ्यकर्मीहरुलाई लक्षित गरी आयोजित उक्त कार्यक्रममा पूर्ण खोप पालिका घोषणा सम्वन्धी कार्यविधि एवं कार्यप्रक्रियाका सम्वन्धमा जानकारी प्रदान गर्दै सो सम्वन्धमा शाखाले हाल सम्म गरेका कामकारवाहीहरुका सम्वन्धमा जानकारी प्रदान गरिएको थियो । यसै गरी उक्त अवसरमा देशव्यापी रुपमा अभियानका रुपमा सञ्चालित आइपीभी खोप अभियानका सन्दर्भमा समेत जानकारी प्रदान गरिएको थियो । यस खोपको कार्य, उक्त खोप अभियानको उद्देश्यका सम्वन्धमा प्रकाश पार्दै उक्त अभियान यस नगरपालिकामा यही जेठ १६, १७ र १८ गते सञ्चालन गरिने जानकारी उक्त कार्यक्रममा गराइएको थियो ।

### ११) सहपाठी शिक्षण सिकाई कार्यक्रम



पालुङटार नगरपालिका भित्र शिक्षण सिकाइ क्रियाकलापलाई थप व्यवस्थित तुल्याउने उद्देश्य सहित नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा सहपाठी शिक्षण सिकाई कार्यक्रम सम्पन्न भएको छ । तीन चरणका विचबाट सम्पन्न उक्त कार्यक्रममा नगरपालिका भित्रका विभिन्न विषयका विषयगत शिक्षकहरुलाई समान तह र विषयका शिक्षकहरुको अध्यापन कार्यको अवलोकन गरी आवश्यक पृष्ठपोषण प्रदान गर्नुका साथै सोही शिक्षकले सोही विषयको नमूना कक्षा समेत सञ्चालन गरिएको थियो । पहिलो चरणको कार्यक्रम पश्चात यही २०८१ जेठ १४ गते उक्त कार्यक्रममा सहभागीहरुका तर्फबाट समीक्षा गरिएको थियो भने जेठ १७ गते नयाँ सहभागीहरुका लागि अभिमुखीकरण समेत सम्पन्न गरिएको थियो । कार्यक्रमको समीक्षाको क्रममा यस खालको अभ्यासले एक अर्काबाट सिक्ने सिकाउने कार्य हुनुका साथै नयाँ शैक्षिक वातावरणमा सिक्ने सिकाउने कार्यमा समेत महत्वपूर्ण योगदान पुगेको अनुभुति भएको सहभागीहरुले जानकारी गराउनु भएको थियो । विद्यार्थीहरुले समेत नयाँ शिक्षकबाट फरक शैली र

तरिका सहितको अध्यापन कार्यले नयाँ अनुभुति भएको प्रतिकृया दिएका थिए। आगामी आर्थिक वर्षमा समेत थप परिमार्जन सहित यस कार्यक्रमलाई निरन्तरता दिइने जानकारी शिक्षा शाखाले दिएको थियो।

**१२) कृषि क्षेत्रमा उत्पादन वृद्धिका लागि पालुङटार नगरपालिका र कोइका विच छलफल**

पालुङटार नगरपालिकामा कृषि उत्पादन वृद्धि गर्नका लागि पालुङटार नगरपालिका र कोरिया अन्तराष्ट्रिय सहयोग नियोग (कोइका) विच छलफल कार्यक्रम सम्पन्न भएको छ। यही मिति २०८१ जेठ ४ गतेका दिन पालुङटार नगरपालिकाका नगर प्रमुख, नगर उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत, कृषि शाखाका प्रमुख र कोरियन सरकारका प्रतिनिधिहरु सहितको कोइकाका कर्मचारी विच नगरपालिका कार्यालयमा सो सम्वन्धमा छलफल भएको हो। यस अघि कोरियन एक कम्पनीसँगको समझदारीपत्रका आधारमा कोइकाले यस भ्रमण गरेको र कोइकाका तर्फबाट आवश्यक सहयोग उपलब्ध गराइने प्रतिवद्वता उक्त अवसरमा गरिएको थियो।

**१३) महिलाहरुका लागि एक महिने सिलाई कटाई तालिम**

महिला सञ्जालहरुका मागमा आधारित विभिन्न सीपमूलक तालिम कार्यक्रमहरु सञ्चालन गर्ने नगरपालिकाको



नीति तथा कार्यक्रम अन्तरगत पालुङटार नगरपालिकाको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक शाखाले नगरपालिकाको वडा नं ९ मा एक महिने सिलाई कटाई तालिम सम्पन्न गरेको छ। उक्त कार्यक्रमको उद्घाटन यही मिति २०८१ जेठ ४ गते कार्यक्रमको प्रमुख अतिथि पालुङटार नगरपालिकाका नगर प्रमुख श्री विवश चिन्तनले गर्नु भएको थियो। वडा स्तरीय महिला सञ्जालका अध्यक्ष श्री मञ्जु खनालको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख श्री विवश चिन्तन, वडा अध्यक्ष श्री भेजराज पाण्डे, कर्मचारी तथा प्रशिक्षक सहित प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा १२ जना प्रशिक्षार्थीहरुको उपस्थिति रहेको थियो।

**१४) नीति, कार्यक्रम तथा वजेटका लागि विज्ञहरुसँग छलफल**

आर्थिक वर्ष २०८१/८२ को नीति, कार्यक्रम तथा वजेटमा समेटिनुपर्ने विषयहरुका सन्दर्भमा पालुङटार नगरपालिकाले विभिन्न विषय विज्ञहरुसँग छलफल गरेको छ। सो क्रममा यही मिति २०८१ जेठ ५ गते शनिवारका

दिन कृषि, पशु तथा शिक्षासँग सम्बन्धित विज्ञहरुसँग छुट्टाछुट्टै कार्यक्रमका विच छलफल भएको छ। उक्त कार्यक्रममा पशुपंछी तर्फ डा केदारराज पाण्डे, डा पुरुषोत्तम त्रिपाठी तथा डा अशेष भट्टराई तथा कृषि तर्फ श्री केशव पाण्डे तथा श्री हरि न्यौपानेको सहभागिता रहेको थियो।

सोही दिन भएको शिक्षासँग सम्वन्धित विज्ञहरुसँगको छलफलमा श्री राजेन्द्र बानियाँ, डा शिवराम पाण्डे, डा पूर्ण कँडेल तथा डा कमल देवकोटाको सहभागिता रहेको थियो। यसै गरी मिति २०८१ जेठ १२ गते स्वास्थ्यसँग सम्वन्धित विज्ञहरुहरुसँगको छलफलमा डा मोदनाथ मरहट्टा र डा गुणराज लोहनीको उपस्थिति रहेको थियो।

विषयगत विज्ञहरुसँगको छलफलमा विज्ञहरुले आवश्यकताहरुको प्राथमिकिकरण तथा कार्यक्रमहरुको दिगोपनामा ध्यान दिन सुझाव दिनुभएको थियो। कार्यक्रममा नगर प्रमुख तथा उपप्रमुखले विज्ञहरुबाट प्राप्त सुझावहरुलाई आगामी नीति, कार्यक्रम तथा बजेटमा समावेश गर्ने प्रतिवद्वता व्यक्त गर्नु भएको थियो।

## १५) विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह



यही जेठ महिनाको १ गते देखि ७ गते सम्म विद्यालय स्वास्थ्य तथा पोषण सप्ताह अन्तरगत पालिका भित्रका विभिन्न विद्यालयहरुका विद्यार्थीहरुका विचमा स्वास्थ्य तथा पोषण सम्वन्धी विविध सचेतनामूलक कार्यक्रमहरु सम्पन्न भएका छन। नगरपालिकाको स्वास्थ्य शाखाको आयोजनामा विभिन्न स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीहरु सम्मिलित उक्त कार्यक्रममा मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साईन्सेज सोल्टीमोड काठमाडौंका विद्यार्थीहरु समेत सहभागी भएका थिए। उक्त सप्ताहमा सम्पन्न कार्यक्रमले भोलिका भविष्यका कर्णधारका रुपमा रहेका विद्यार्थीहरुमा असल स्वास्थ्य बानी तथा सेवन गरिनुपर्ने उपयुक्त प्रकारका पोषणहरुका सम्वन्धमा जानकारी प्रदान गरिएको थियो।

## १६) उत्कृष्ट विद्यालय, शिक्षक तथा विद्यार्थी सम्मानित

नगरपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाले नगरपालिका भित्र सञ्चालित सामुदायिक तथा संस्थागत विद्यालयका उत्कृष्ट शिक्षक तथा विद्यार्थीका साथै उत्कृष्ट विद्यालयलाई समेत पुरस्कृत गरेको छ। यही मिति २०८१ जेठ ८ गतेका दिन प्रधानाध्यापकहरुको नियमित बैठकको अवसरमा उक्त कार्यक्रम सम्पन्न गरिएको हो। शैक्षिक शत्र २०८० मा नगरपालिकाबाट सञ्चालित कक्षा ५, ८ र ९ को परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने शिक्षक, विद्यार्थीहरुलाई सम्मानित गरिएको हो। सोही अवसरमा जिल्ला स्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा स्वर्ण,

रजत र कास्य पदक विजेता विद्यार्थी खेलाडीहरुलाई नगद पुरस्कारबाट समेत सम्मानित गरिएको थियो । यसै गरी गत वर्षको एस इ इ परीक्षामा उत्कृष्ट नतिजा ल्याउन सफल जनता मा वि र त्रिवेणी मा वि लाई समेत सम्मानित गरिएको थियो । उक्त कार्यक्रममा नगर प्रमुख श्री विवश चिन्तन, नगर उपप्रमुख श्री वन्दना पाण्डे, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, शिक्षा शाखा प्रमुख श्री पूर्ण वहादुर नेपाली लगायतले पालुङटार नगरपालिकाको आगामी शैक्षिक योजनाको वारेमा प्रष्ट पार्नु भएको थियो ।

### १७) शैक्षिक सामाग्री निर्माण तथा हस्तलेखन तालिम

पालुङटार नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा बालविकास तथा आधारभूत तहका



शिक्षकहरुका लागि शैक्षिक सामाग्री निर्माण तथा हस्तलेखन सम्वन्धी तालिम कार्यक्रम सञ्चालन भएको छ । मिति २०८१ जेठ १० गते देखि १९ गतेसम्म गरी जम्मा १० दिन सम्म सञ्चालित उक्त कार्यक्रम भवानी मा वि ठाँटीपोखरीको हलमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रमले कक्षाकोठामा प्रयोगमा ल्याईने शैक्षिक सामाग्रीहरुको निर्माण तथा उपयोगमा महत्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ ।

### १८) निवृत्त कर्मचारी रामप्रसाद देवकोटाको विदाई कार्यक्रम

पालुङटार नगरपालिका अन्तरगत पशु सेवा शाखामा कार्यरत रही निवृत्त हुनु भएका अधिकृत श्री रामप्रसाद



देवकोटाको एक कार्यक्रमका विच नगरपालिकाले विदाई गरेको छ । मिति २०८१ जेठ १७ गतेका दिन नगरपालिकाको सभाहलमा एक कार्यक्रमका विच उक्त विदाई कार्यक्रम सञ्चालन गरिएको हो । नगर उपप्रमुख श्री बन्दना पाण्डेको अध्यक्षतामा सम्पन्न

उक्त कार्यक्रममा उपसचिव श्री पूर्ण वहादुर नेपालीले विदाई मन्तव्य व्यक्त गर्नु भएको थियो भने विदाई भएर जान लाग्नु भएका अधिकृत श्री रामप्रसाद देवकोटाले ३० वर्षको आफ्नो जागिर अवधि तथा पालुङटार नगरपालिकामा कार्यरत रहँदाको आफ्नो अनुभव सुनाउनु भएको थियो। कार्यक्रममा सहभागीहरुले निवृत्त कर्मचारी श्री रामप्रसाद देवकोटालाई फूलमाला तथा उपहारद्धारा विदाई गर्नु भएको थियो।

**१९) महिला सञ्जालद्वारा दुना टपरी वनाउने तालिम सम्पन्न**

वडा नं ३ को वडा स्तरीय महिला सञ्जालले वडामा रहेका महिलाहरुलाई लक्षित गरी दुना टपरी वनाउने तालिम



कार्यक्रम सम्पन्न गरेको छ। उक्त कार्यक्रमको उद्घाटन यही मिति २०८१ जेठ २१ गतेका दिन नगर प्रमुख विवश चिन्तनले गर्नु भयो। वडा स्तरीय महिला सञ्जालका अध्यक्ष श्री अनिता राना मगरको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर प्रमुख श्री विवश चिन्तनका अतिरिक्त वडा अध्यक्ष श्री रविन्द्र अधिकारी, वडाका जनप्रतिनिधिज्यूहरु, नगरपालिकाका कर्मचारीहरु, प्रशिक्षार्थी महिलाहरुका साथै स्थानीयवासीहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा दुना टपरी मेशिन समेत नगरपालिकाका तर्फबाट महिला सञ्जाललाई हस्तान्तरण गरिएको थियो।

**२०) पोषण तथा खानपीन सम्वन्धी आनीवानी सुधार तथा व्यवहार परिवर्तनका लागि जनचेतनामूलक कार्यक्रम**



पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा पोषण तथा खानपीन सम्वन्धी आनीवानी सुधार तथा व्यवहार परिवर्तनका लागि जनचेतनामूलक कार्यक्रम सम्पन्न भएको छ। नगरपालिका अन्तरगतका १० वटै वडामा स्वास्थ्य संस्थाहरुको सहभागितामा सम्पन्न उक्त कार्यक्रममा विभिन्न समूहहरुका विचमा सन्तुलित भोजनको आवश्यकता एवं महत्वका साथै असल खानपान सम्वन्धी आनीबानीहरुका सन्दर्भमा जानकारी गराइएको थियो। संस्थाको निर्णय वमोजिम आमा समूह, सुनौलो हजार दिनका आमाहरु, विद्यार्थीहरु, महिला सञ्जाल लगायतका विभिन्न लक्षित समुदायहरुका विचमा उक्त कार्यक्रम सम्पन्न गरिएको थियो।

**२१) महिनावारी स्वच्छता दिवसको अवसरमा महिनावारी स्वास्थ्य शिक्षा कार्यक्रम**

हरेक वर्ष मे २८ का दिन विश्वभर मनाईने अन्तराष्ट्रिय महिनावारी स्वच्छता दिवसका अवसरमा पालुङटार



नगरपालिकामा समेत विभिन्न कार्यक्रमहरु सम्पन्न भएको छ । विभिन्न स्वास्थ्य संस्थाहरुको आयोजनामा भएको उक्त कार्यक्रम नगरपालिका भित्रका विभिन्न सामुदायिक तथा निजी विद्यालयका किशोरीहरुका विचमा सञ्चालन गरिएको थियो । किशोरीहरुका विचमा महिनावारीका सम्वन्धमा सचेतना जगाउने साथै आनीवानी समेत सुधार गर्ने उद्देश्यका साथ उक्त कार्यक्रम आयोजना गरिएको थियो । उक्त कार्यक्रममा विभिन्न स्वास्थ्य संस्थाका स्वास्थ्यकर्मीका अतिरिक्त मनमोहन मेमोरियल इन्स्टिच्युट अफ हेल्थ साईसेन्जमा जनस्वास्थ्य तेश्रो वर्षमा अध्ययनरत विद्यार्थीहरुले समेत सहजीकरण गर्नु भएको थियो।

## २२) बीउ उत्पादन तालिम

पालुङटार नगरपालिकामा रहेको दुईवटा वीउ उत्पादक किसान समूहका किसानहरुका लागि २ दिवसीय बीउ उत्पादन तालिम कार्यक्रम सम्पन्न भएको छ । यही मिति २०८१ जेठ २१ गते पालुङटार नगरपालिकाको आयोजना तथा बीउविजन गुणस्तर नियन्त्रण केन्द्र पोखराको प्राविधिक सहयोगमा पालुङटार नगरपालिकाको हलमा उक्त कार्यक्रम सञ्चालन गरिएको हो । भृकुटी विउ उत्पादक कृषक समूह र लक्ष्मी विउ उत्पादक कृषक समूहका वीउ उत्पादन कार्यमा संलग्न किसानहरुका विचमा सञ्चालित उक्त तालिम कार्यक्रमको सहजीकरण वीउ विजन गुणस्तर नियन्त्रण केन्द्र गण्डकी प्रदेश पोखराका कृषि अधिकृत श्री राममणि ढकाल तथा भृकुटी विउ उत्पादक कृषक समूहका अध्यक्ष श्री धर्मप्रसाद देवकोटाले गर्नुभएको थियो।

## २३) विद्यालयहरुमा निदानात्मक परीक्षा सञ्चालन

पालुङटार नगरपालिका अन्तरगतका सामुदायिक तथा संस्थागत विद्यालयका कक्षा ४ देखि ८ सम्मका विद्यार्थीहरुको



लागि निदानात्मक परीक्षा सञ्चालन गरिएको छ । विद्यार्थीहरुको यथार्थ स्थिति पहिचान गरी सो को सुधारका लागि उपयुक्त कार्यक्रम सञ्चालनको आधार सिर्जना गर्ने उद्देश्यका साथ उक्त परीक्षा सञ्चालन गरिएको हो। उक्त कार्यक्रम सञ्चालन पूर्व मिति २०८१ जेठ २८ गते उक्त विद्यालयका प्रधानाध्यापकहरुका लागि अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिएको थियो । निदानात्मक परीक्षाको आवश्यकता एवं औचित्यका साथै परीक्षा सञ्चालनको विधि र सो पश्चात गरिने क्रियाकलापहरुका सम्वन्धमा उक्त कार्यक्रममा जानकारी गराइएको थियो।

**२४) पालुङटार नगरपालिका र अजिरकोट गाउँपालिका विच समझदारीपत्रमा हस्ताक्षर**

पालुङटार नगरपालिका र अजिरकोट गाउँपालिकाका स्थानीय उत्पादनहरुको वजारीकरणमा सहयोग पुर्याउने उद्देश्य



सहित दुई पालिका विच एक समझदारीपत्रमा हस्ताक्षर भएको छ । हाललाई पालुङटार नगरपालिकाको महिला सञ्जालले उत्पादन गरेका दुना टपरीहरुको वजारीकरणलाई केन्द्रित रहेर गरिएको उक्त समझदारीपत्रमा क्रमशः दुवै पालिकाका अन्य उत्पादनहरूलाई समेत आपसी सहमतिमा वजारीकरण गर्दै जाने व्यहोरा उल्लेख गरिएको छ। पालुङटार नगरपालिकाका नगर प्रमुख श्री विवश चिन्तन तथा अजिरकोट गाउँपालिकाका अध्यक्ष श्री दीपक देवकोटाले पालुङटार नगरपालिकाको कार्यालयमा उक्त समझदारीपत्रमा हस्ताक्षर गर्नु भएको हो । पालुङटार नगरपालिकाले महिला सञ्जाल मार्फत महिलाहरुको उद्यमशिलता विकास र आयआर्जन वृद्धिका लागि काम गरिरहेको छ भने अजिरकोट गाउँपालिकाले वातावरणमैत्री पालिकाका रुपमा अगाडि वढाउने उद्देश्य सहित प्लाष्टिकमुक्त पालिकाका रुपमा अगाडि वढ्ने

योजनामा रहेको छ। यस अर्थमा यस खालको समझदारीपत्र दुवै पालिकाका लागि फलदायी हुने अपेक्षा गरिएको छ ।

## २५) पालुङटार नगरपालिकाको १५ औं नगरसभा

यही २०८१ असार ३, ९ र २५ मा तीन दिन व्यापक छलफल सहित पालुङटार नगरपालिकाको १५ औं नगरसभा भव्यताका साथ सम्पन्न भएको छ। यही मिति २०८१ असार ३ गते नगरपालिकाको सभाहलमा सम्पन्न उक्त सभामा नगर प्रमुख श्री विवश चिन्तनले आगामी आर्थिक वर्षका लागि नीति तथा कार्यक्रम पेश गर्नु भएको थियो । उक्त नीति तथा कार्यक्रममाथि छलफल सहित नगर सभमा सदस्यहरुले पृष्ठपोषण प्रदान गरी उक्त नीत तथा कार्यक्रम पारित गर्नुभएको थियो। मिति २०८१ असार ९ गते नगर उपप्रमुख श्री वन्दना पाण्डेले आगामी आर्थिक वर्षको लागि वजेट तथा मध्यमकालीन खर्च संरचना तथा आर्थिक विधेयक पेश गर्नुभएको थियो भने असार २५ गते छलफल सहित उक्त वजेट पारित भएको थियो । असार २५ गते नै नगर उपप्रमुख श्री वन्दना पाण्डेले न्यायिक समिति तथा अनुगमन समितिको छुट्टाछुट्टै प्रतिवेदन समेत सभासमक्ष पेश गर्नु भएको थियो जसलाई नगरसभाले छलफल सहित पारित गरेको छ। वजेट सभाको रुपमा रहेको यस नगरसभाले अनुमानित वजेट रु ८३,२८,०९,००० सर्वसम्मतले पारित गरेको छ।



## २६) ठाँटीपोखरी वर्थिङ सेन्टरमा मानसिक स्वास्थ्य शिविर सञ्चालन

पालुङटार नगरपालिका स्वास्थ्य शाखाको आयोजनामा मिति २०८१ असार ३ गतेका दिन चितवन मेडिकल कलेजका प्रा डा सी पी सेढाई र डा शैलेन्द्र जोशीको उपस्थितिमा पालुङटार नगरपालिका वडा नं ५ स्थित ठाँटीपोखरी वर्थिङ सेन्टरमा मानसिक स्वास्थ्य शिविर सञ्चालन भएको छ। उक्त शिविरमा ८९ जना सेवाग्राहीहरुको मानसिक स्वास्थ्य समस्याको उपचार गराई आवश्यक पर्ने विरामीहरुलाई औषधी समेत वितरण गरिएको थियो । यस प्रकारको शिविर आगामी



दिनमा पालिकाको अन्य स्थानमा समेत सञ्चालन गर्ने योजना स्वास्थ्य शाखाको रहेको छ । पालुङटार नगरपालिकामा पछिल्ला दिनहरुमा मानसिक समस्या पेचिलो समस्याको रुपमा देखा परेको छ । आत्महत्याका घटनाहरु समेत यसका कारण बढिरहेको पाइएको छ । विभिन्न संस्थाहरुसँगको समन्वयात्मक प्रयासमा यसको न्यूनीकरणको लागि कार्यक्रम सञ्चालन गरिएको छ भने सुरक्षित आप्रवासन कार्यक्रम अन्तरगत मनोसामाजिक परामर्शकर्ताले समेत यसका लागि निरन्तर काम गरिरहनु भएको छ।

**२७) शैक्षिक रणनीतिक योजना तर्जुमाका लागि ३ दिने कार्यशाला आयोजना**

पालुङटार नगरपालिका शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा शैक्षिक रणनीतिक योजना तर्जुमाका लागि ३ दिने कार्यशालाको आयोजना गरिएको छ। यही मिति २०८१ असार ४, ५ र ६ गते उक्त कार्यक्रमको आयोजना गरिएको हो । त्रिभुवन विश्वविद्यायका प्रा डा सुशन आचार्य, प्रा डा पेशल खनाल तथा डा कमलराज देवकोटाले सहजीकरण गर्नुभएको उक्त कार्यक्रमको पहिलो दिनमा शिक्षा समिति तथा कार्यपालिकासँग छलफल गरिएको थियो । यसै गरी दोश्रो दिन विद्यालय व्यवस्थापन समितिका अध्यक्ष तथा प्रधानाध्यापकहरुसँग छलफल भएको थियो भने तेश्रो दिनको कार्यक्रम विषयगत शिक्षकहरुसँग सम्पन्न भएको थियो । तीन दिनको यस खालको कार्यक्रमले नगरपालिकाको शैक्षिक अवस्थाका सम्वन्धमा विश्लेषण हुन सहयोग पुग्नुका साथै प्रमुख सरोकारवालाहरुका विचमा शैक्षिक उन्नयनका लागि चाल्नुपर्ने भावी कदमका सम्वन्धमा एकरुपता कायम गर्नमा समेत सफल रहेको अनुभुति सहभागीहरुका तर्फबाट व्यक्त गरिएको थियो।

**२८) बाँदर व्यवस्थापनका लागि सरोकारवालाहरुसँग छलफल कार्यक्रम**

कृषकहरुको प्रमुख समस्या मध्येको एक समस्याको रुपमा रहेको बाँदरको व्यवस्थापनका लागि आगामी आर्थिक



वर्षको नीति तथा कार्यक्रममा नगरपालिकाले "बनको बाँदर बनैमा" भन्ने नाराका साथ कार्यक्रमको घोषणा गरेको छ । सोही कार्यक्रमका सम्वन्धमा सरोकारवालाहरुसँग छलफल तथा अन्तरक्रिया गरी बाँदर व्यवस्थापनका सम्भाव्य उपायहरुको खोजीका साथै सरोकारवालाहरुका विचमा कार्यक्रमको वुझाईमा एकरुपता ल्याउने उद्देश्यले नगरपालिकाले सभाहलमा यही मिति २०८१ असार १० गते एक छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ।

नगर प्रमुख श्री विवश चिन्तनको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा नगर उपप्रमुख श्री वन्दना पाण्डे, डिभिजन वन कार्यालयका प्रमुख श्री मदनमोहन शाण्डिल्य, प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारी, जनप्रतिनिधिहरु, वन उपभोक्ता समूहका प्रतिनिधिहरु, टोल विकास संस्थाका प्रतिनिधिहरु लगायत वन कार्यालय तथा नगरपालिकाका कर्मचारीहरुको उपस्थिति रहेको थियो। उक्त कार्यक्रममा डिभिजन वन अधिकृतले कार्यपत्र पेश गर्नु भएको थियो भने सहभागीहरुले नगरपालिकाले ल्याएको कार्यक्रम किसानको हितमा रहेको उल्लेख गर्दै उक्त कार्यक्रमलाई सफल तुल्याउने प्रतिवद्वता व्यक्त गर्नु भएको थियो। उक्त कार्यक्रमलाई सफल तुल्याउन प्रत्येक वन उपभोक्ता समूहले आफ्नो वनमा यही २०८१ श्रावण ५ गते सामूहिक रुपमा फलफूलको विरुवा रोप्ने अभियान सञ्चालन गर्ने निर्णय समेत उक्त कार्यक्रममा भएको छ।

## २९) वित्तीय साक्षारताका लागि बैक तथा बित्तीय संस्थाहरुसँग छलफल

नगरपालिका भित्र नागरिकहरुका विचमा वित्तिय साक्षरता कार्यक्रमलाई अभियानात्मक रुपमा प्रभावकारी ढंगले सञ्चालन गर्ने उद्देश्यले नगरपालिकामा कार्यरत बैक, वित्तिय संस्था तथा सहकारीहरुसँग छलफल तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। यही मिति २०८१ असार ११ गते नगरपालिकाको सभाहलमा सम्पन्न उक्त कार्यक्रममा सम्पूर्ण निकायहरुले वित्तिय साक्षरता कार्यक्रमलाई व्यवस्थित तुल्याउने, लक्षित समुदायसम्म उक्त कार्यक्रम लैजाने, उक्त कार्यक्रममा रहन सक्ने दोहोरोपनाका सम्वन्धमा सचेत वन्ने, विकट स्थानहरुमा समेत वित्तिय साक्षरता कार्यक्रम सञ्चालन गर्ने लगायतका विषयहरुमा छलफल भएको थियो।

## ३०) एसइइ परीक्षाको नतिजा विश्लेषण

पालुङटार नगरपालिकाका विद्यालयहरुको एसइइ परीक्षामा प्राप्त नतिजाको विश्लेषण कार्य शिक्षा, युवा तथा खेलकुद शाखाको आयोजनामा सम्पन्न भएको छ। यही मिति २०८१ असार १९ गते नगरपालिकाको सभाहलमा सम्पन्न उक्त कार्यक्रम शाखाका प्रमुख श्री पूर्ण नेपालीको अध्यक्षतामा सम्पन्न भएको थियो। नगर प्रमुख श्री विवश चिन्तन, उपप्रमुख श्री वन्दना पाण्डे तथा प्रमुख प्रशासकीय अधिकृत श्री गौतम भण्डारीको उपस्थितिमा सम्पन्न उक्त कार्यक्रममा प्रत्येक विद्यालयको नतिजाको विश्लेषण गरी आगामी दिनमा यसको सुधारका लागि चालिनु पर्ने आवश्यक कदमहरुका सम्वन्धमा छलफल गरिएको थियो। ग्रेड वृद्धि परीक्षालाई मध्यनजर राख्दै तत्काल सञ्चालन गरिने अतिरिक्त कक्षाका लागि आवश्यक वजेटको व्यवस्थापनका लागि नगरपालिकाका तर्फबाट प्रतिवद्वता व्यक्त गरिएको थियो भने विद्यालयका तर्फबाट समेत आवश्यक सहजीकरणका लागि प्रतिवद्वता व्यक्त गरिएको थियो। यस

वर्षको परीक्षाको नतिजा अनुसार नगरपालिका अन्तरगतका विद्यालयहरुबाट सहभागी कूल ५४३ विद्यार्थीमध्य २३५ जना परीक्षामा उत्तीर्ण भएका थिए।

**३१) नगरपालिकाको यस आ व को वित्तिय प्रगति ८६.१७ प्रतिशत**



पालुङटार नगरपालिकाले यस आ व मा विनियोजित वजेट ९६,८८,०८,३९७.९३ मध्य कूल ८३,४९,०७,०१६.८३ खर्च गरी कूल विनियोजित वजेटको ८६.१७ प्रतिशत खर्च गर्न सफल भएको छ। यस मध्य चालु खर्चतर्फ ८७.३ प्रतिशत र पूँजीगत तर्फ ८४.४९ प्रतिशत खर्च भएको छ। कार्यालयले आगामी दिनमा समेत यस खालको खर्चलाई निरन्तरतता दिने र गुणस्तरीय आयोजनाहरुमा वजेट विनियोजन गरी खर्चको गुणस्तरमा ध्यान दिने कुरालाई प्राथमिकतामा राखेको छ।

**ट) सूचना अधिकारी र प्रमुखको नाम र पद**

सूचना अधिकारीः श्री माधव पोखरेल, शिक्षा अधिकृत, अधिकृतस्तर आठौं तह

कार्यालय प्रमुखः श्री गौतम भण्डारी, प्रमुख प्रशासकीय अधिकृत

**ठ) ऐन, नियम, विनियम वा निर्देशिकाको सूचि**



संघ एवं प्रदेशका विभिन्न कानुनका साथै नगरसभा एवं कार्यपालिका आफैद्वारा निर्मित कानूनहरु समेतका आधारमा नगरपालिका संचालित हुन्छ। नगरपालिकाद्वारा पारित विभिन्न ऐन, नियमावली एवं कार्यविधिहरुको विस्तृत विवरण कार्यालयको वेभसाइटमा उपलब्ध रहेको छ।

Link: https://palungtarmun.gov.np/np/page/gazette

**ङ) आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्यावधिक विवरण**

चालु आर्थिक वर्षको चौथो त्रैमासिकमा जम्मा संघिय सरकार/प्रदेश सरकारवाट समानिकरण अनुदान र सशर्त अनुदान गरि जम्मा रु. १५,३१,९८,२१३/- (अक्षरुपी पन्ध्र करोड एकतिस लाख अन्ठान्नब्बे हजार दुइ सय तेह मात्र) र राजश्व वाडफाड संघिय सरकारवाट जम्मा रु. २,७३,०९,५६९/- (अक्षरुपी दुइ करोड त्रिहत्तर लाख नौ हजार पाँच सय उनान्सत्तरी रुपैया मात्र) र प्रदेश समानिकरणबाट रकम प्राप्त हुन सकेन, प्रदेश राजश्व तर्फ रु.२७,२१,८१२ (अक्षरुपी सताइस लाख एकाइस हजार आठ सय बाह) र आन्तरिक आय रु. ५१,४०,३८३/- (अक्षरुपी एकाउन्न लाख चालिस हजार तिन सय त्रियासी रुपैया मात्र) गरि जम्मा रु. १९,५८,७७,६९१/- (अक्षरुपी उनाइस करोड अनठाउन्न लाख सत्तहत्तर हजार छ सय एकान्नब्बे रुपैया मात्र) आम्दानी भएको छ ।

चालु आ.व. को कुल बजेट रु. ९६११९८९३९७।९३ (अक्षरुपी छयानब्ब लाख उन्नाईस करोड उनान्नब्ब हजार तिन सय सन्तानब्ब पैशा त्रियानब्ब मात्र रहेकोमा चालु खर्च खर्च तर्फ रु. ५७,६८,९७,३९७।९३ (अक्षरुपी सन्ताउन्न करोड अड्सठ्ठी लाख सन्तानब्ब हजार तिन सय सन्तानब्ब पैसा त्रियानब्ब) विनियोजन भएको मध्ये रु. १६,७९,७३,५५४/- (अक्षरुपी सोह्र करोड उनान्असि लाख त्रिहत्तर हजार पाँच सय चौउन्न रुपैया) मात्र खर्च भएको छ। जुन कुल चालु वजेटको २८.८९ प्रतिशत हुन आउछ। यसै गरि कुल पुजिगत बजेट रु ३८,५०,९२,०००.०० (अक्षरुपी अड्तिस करोड पचास लाख बयानब्ब हजार मात्र) मध्ये १३,९७,१७,४९८/- अक्षरुपि तेह्र करोड सन्तान्नब्बे लाख सत्रर हजार चार सय अन्ठान्नब्बे मात्र) खर्च भएको छ। जुन कुल पुजिगत वजेटको ३६.०७ प्रतिशत हुन आउने देखिन्छ। चालु आ.व. को चौथो त्रैमासिकमा औषत ३१.७५ प्रतिशत खर्च भएको अवस्था छ । अघिल्लो तेस्रो त्रैमासिक अवधिमा चालु तर्फ १९.८७ प्रतिशत र पुजिगत खर्च तर्फ २२.४७ प्रतिशत गरि जम्मा २०.९ प्रतिशत मात्र खर्च भएको अवस्था थियो।

**ढ) अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन गरेको भए सो को विवरण**

कार्यालयद्वारा अघिल्ला आर्थिक वर्षमा समेत थुप्रै कार्यक्रम वा आयोजना सञ्चालन गरेको छ जुन कार्यालयको वार्षिक कार्यक्रमका रुपमा एवं वार्षिक प्रतिवेदनका रुपमा कार्यालयको वेभसाइट www.palungtarmun.gov.np मा उपलब्ध रहेको छ।

**ण) सार्वजनिक निकायको वेभसाइट भएको भए सो को विवरण**

कार्यालयको वेभसाइट www.palungtarmun.gov.np रहेको छ।

**त) सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग र सम्झौता सम्वन्धी विवरण**

संवैधानिक रुपमा स्थानीय तहलाई सो प्रकृतिका कार्यहरु सम्पादन गर्ने अधिकार नरहेको कारण यस नगरपालिकाले प्रत्यक्षत: कुनै पनि वैदेशिक सहायता, ऋण, अनुदान र प्राविधिक सहयोगमा हस्ताक्षर गरेको छैन।

**थ) सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधी**

यस नगरपालिकाले व्यवस्थित रुपमा सूचनाहरुको वर्गीकरण गरेको छैन। कार्यालयसँग सम्वन्धित विभिन्न प्रकारका सूचनाहरु कार्यालयका अभिलेखका रुपमा विभिन्न ढंगले सुरक्षित राखिएका छन।

**द) सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दिइएको**

पालुङटार नगरपालिकामा विगतदेखि नै विभिन्न विषयमा विभिन्न व्यक्तिहरुले विभिन्न प्रयोजनको लागि सूचना माग गरिदै आएको छ। नगरपालिकाले त्यसरी सूचना माग भएकोमा सूचनाको प्रकृति र गाम्भिर्यतालाई ध्याद दिदै जतिसक्दो छिटो सूचना उपलब्ध गराउदै आएको छ। हालसम्म सुचना माग र उपलब्धताको अवस्था देहाय बमोजिम रहेको छ।

| आ.व | सूचना माग भएको संख्या | सूचना उपलब्ध गराइएको संख्या | स्वत: प्रकाशन |
|---|---|---|---|
| ०७५/७६ | ४ | ४ | नभएको |
| ०७६/७७ | ४ | ४ | नभएको |
| ०७७/७८ | ५ | ५ | नभएको |
| ०७८/७९ | ४ | ४ | भएको |
| ०७९/८० | ५ | ५ | भएको |
| ०८०/८१ | १ | १ | भएको |

**ध) सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

कार्यालयका सूचनाहरु कार्यालयको वेभसाइटका अतिरिक्त कार्यालयको फेसवुक पेज *palungtar municipality palungtar gorkha* तथा नगर प्रमुखको सचिवालयद्वारा सञ्चालित फेसवुक पेज विवस चिन्तन सचिवालय बाट समेत प्राप्त गर्न सकिन्छ ।

****************************** **धन्यवाद** ******************************